जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)–०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक २ २०८० साल साउन १४ गते आइतवार (30 July 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा** : हटियाको अतिक्रमित जग्गामा ... **पृष्ठ ३ मा** : विद्यालय शिक्षाको सुधारमा ... **पृष्ठ ५ मा** : कोशी पीडितहरु पुनः ... **पृष्ठ ५ मा** : सुरक्षा परिषद्द्वारा नाइजर ...

# रोजगारीका लागी ८० वटा औधोगिक भवन तथा कलसेन्टर स्थापनको तयारी : डा. राउत




**राजविराज**/जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त राउत (सिके राउत) ले आफ्नो पार्टी आठौं स्थानको हैसियतमा रहेको र निर्णायक स्थानमा पुग्न नसकेका कारण रोजगारी, किसानका समस्या समाधान लगायतका प्रतिबद्धता समयमा पुरा हुन नसके बताएका छन् ।

आफ्नो पार्टीमाथी षडयन्त्र भईरहेका कारण जनता सामु गरेको प्रतिबद्धता पुरा गर्न ढिलाई भइरहेको उनको भनाई थियो । तर पनि आफूहरुले प्रयास जारी राखेको उनले बताए ।

राजविराजमा शनिवार आयोजित पार्टी प्रवेश, संगठन सुदृढिकरण अभियान तथा प्रशिक्षण कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।

पार्टी अहिले शिशु अवस्था मै रहेको र पार्टीका विरुद्ध पनि अनेकौं षडयन्त्र भईरहेकाले यसको संरक्षण गर्ने जिम्मा जनता कै रहेको सप्तरी क्षेत्र नं.२ बाट प्रतिनिधी सभा सदस्य समेत रहेका डा.राउतको आग्रह थियो ।

सरकारले ल्याएको बजेट जनतामुखी नरहेका कारण गठबन्धनमा रहेर पनि आफुहरुले त्यसको विरोध गरेको तर अन्य पार्टीले समर्थन गरिदिदा बजेट पास भएको उनले स्पष्ट पारे । मुलुकमा ब्याप्त सिन्डीकेट प्रथाका कारण ठूला उधोगधन्दा स्थापित हुन नसकेको जिकिर गर्दै उनले किसानको समस्या हल गर्नका लागी रसायनिक मलको कारखाना स्थापित हुन नसक्नुमा यहि सिन्डीकेट बाधक रहेको जनाए ।

आफुले रसायनिक मलको कारखाना नेपालमा स्थापनाका लागी भारत र जर्मनि सरकारसंग पहल गरेको दाबीका साथ उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा रसायनिक मल कारखाना स्थापनाका बारेमा सकारात्मक सन्देश दिएको बताए ।

रसायनिक मल काराखाना स्थापनाका लागी जर्मन सरकारसित सम्झौता समेत भएको उनले जानकारी दिए । महिलाहरुको रोजगारीका लागी ८० वटा बहुउदेश्यीय औधोगिक भवन तथा यूवा रोजगारीका लागी मुलुकको विभिन्न ठाउँमा कलसेन्टर स्थापना गर्न आफुले पहल थालेको उनले जानकारी दिए ।

कार्यक्रमको बीच/बीचमा जनमत साँस्कृतिक संघका कलाकारहरुद्वारा साँस्कृतिक कार्यक्रमको प्रस्तुती समेत गरिएको थियो । सो अवसरमा विभिन्न पार्टी परित्याग गरी कार्यक्रममा उपस्थित भएका ८ सय ६६ जना नवप्रवेशीलाई अध्यक्ष डा.राउतले मञ्च मै सदस्यता प्रदान तथा फुलमाला,अबिर लगाई स्वागत गरेका थिए ।

जनमतका जिल्ला इन्चार्ज रामगमन साहको अध्यक्षतामा आयोजित कार्यक्रममा मधेश प्रदेशका शिक्षा विज्ञान तथा प्रविधी मन्त्री महेश प्रसाद यादव, प्रदेश सभासदस्य सतिस कुमार सिह, केन्द्रीय प्रवक्ता शरद सिह यादव, महिला नेतृ प्रियंका सन्त लगायतले पनि बोल्दै छोटो समय मै आफनो पार्टीमा जनताको आकर्षण बढेको र चाडै पार्टीलाई देशै भर स्थापित गर्ने उदघोष गरेका थिए ।

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : नवीन साप्ताहिक**

# धरौटी रकम बुझाउन नसक्दा एउटै वडाका दुई मिटरब्याजी कारागार चलान



**राजविराज**/राजविराज वडा नं. ७ का दुई जना कारोबारी ठगि तथा अपराधिक विश्वासघात मुदामा पुर्पक्षका लागी कारागार चलान भएका छन् ।

कारागार चलान हुनेहरुमा ६४ वर्षिय रमा प्रसाद साहु र ६६ वर्षिय हेम नारायण झा छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिहका अनुसार साहुले १८ लाख तथा झाले २५ लाख धरौटी रकम बुझाउन नसक्दा शुक्रवार सप्तरी जिल्ला अदालतको आदेशले राजविराज कारागार चलान भएका हुन् ।

शुक्रवार अबेर साँझ सम्म चलेको थुनछेक वहस पछी अदालतले तोकेको धरौटी रकम बुझाउन नसक्दा उनीहरुलाई कारागार चलान गरिएको हो ।

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धमा श्रीराम कृष्ण यादव, कौशल्या देवी र सुनिता देवी साहको जाहेरीको आधारमा साहु विरुद्ध ठगी तथा अपराधिक विरुश्वासघात मुदा चलाइएको थियो ।

यस्तै हरिनारायण रजक, मो.तजमुल मियाँ र कौशल्या देवीको जाहेरीमा झा विरुद्ध पनि सोही मुद्दा चलाइएको प्रहरीको भनाई छ ।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

विद्युतीय उपकरण(मोबाइल, ट्याब, ल्यापटप आदि)को अधिक प्रयोगले:
- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अन्य स्थानको पनि अतिक्रमित जग्गा खाली गराउन पहल आवश्यक

राजविराजस्थित हटियाको अतिक्रमित जग्गा हटाउन नगरपालिकाले जसरी तदारुकता देखायो त्यसरी नै अन्य स्थानको पनि अतिक्रमित जग्गालाई अतिक्रमणमुक्त बनाउन लाग्नु पर्ने बेला भएको छ। हटिया मात्र नभएर वर्षौंदेखी सिरहा रोडस्थित हुलाकी रामजमार्गमा स्थानियहरुले बाटो निर्माणमा पुर्‍याएको अवरोधलाई पनि हटाउन तदारुकता देखाउनु आवश्यक छ। हाल उक्त सडकखण्डको अवस्थाका कारण यातायात नै प्रभावित हुन पुगेको छ भने वर्षाको बेला बाटो पोखरीमा परिणत हुने गरेको छ।

त्यस्तै राजविराज कंचनपुर सडकको अवस्था पनि त्यस्तै छ। त्यहा पनि स्थानियको अवरोधकै कारण बाटो निर्माण हुन सकिरहेको छैन्। जस कारणले नगरको सोन्दर्यता नै खतरामा पर्न गएको छ। यी दुई स्थानको अतिक्रमण हटाउन सकिए नगर सौन्दर्यताले पूर्णता पाउने छ। यस बाहेक रंगशालाको प्याराफिटलाई अतिक्रमण गरे बसोवास गर्दै आएका व्यक्ति समेतलाई बिस्थापित गरि अन्यत्र सार्न नगरपालिकाले भूमिका खेल्नु पर्दछ। मेनरोडमा पेटी अतिक्रमणलाई पनि धरासय पुर्‍याउनु पर्ने बेला भएको छ। आवतजावत गर्न निकै कठिनाई भइरहेको बेला त्यसलाई पनि खाली गराउन पहल जरुरी छ।

तसर्थ हटियाको अतिक्रमण मात्र हटाएर नगरपालिका सुस्त हुनु हुँदैन्। नगरको सौन्दर्यकरणका लागि अन्य स्थानको अतिक्रमित जग्गालाई समेत खाली गराउन आवश्यक रणनीति बनाउनु आवश्यक छ। अनिमात्र नगरलाई व्यवस्थित गर्न सकिन्छ। यसका लागि सम्पूर्ण नगरवासीको सहयोग समेत आवश्यक पर्छ।

# हटियाको अतिक्रमित जग्गामा बनाइएको घर, टहरा र पसल भत्काइयो

**राजविराज**/राजविराजस्थित हटियाको अतिक्रमित जग्गामा बनाइएको घर, टहरा र पसल शुक्रबार हटाइएको छ। राजविराज नगरपालिकाको पहल तथा स्थानिय प्रशासनको सहयोगमा ती अतिक्रमित जग्गा हटाइएको हो।

नगरपालिकाले हटियाको चारैतिर १०/१० फिट अतिक्रमण गरि बनाइएका घर, टहरा र पसल लगायतका भौतिक संरचना तीन वटा डोजर प्रयोग गरि भत्काएको छ। अतिक्रमित संरचना हटाउन नगरपालिकाले तीन दिने सूचना जारी गरेर पनि खाली नगरिएको संरचना डोजर लगाएर हटाउन सुरु गरिएको कार्यवाहक नगरप्रमुख इसरत परबिनले



बताइन्।

राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख परबिन, वडा अध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारी तथा ठूलो संख्या सशस्त्र र नेपाल प्रहरीको उपस्थितिमा अतिक्रमण गरि बनाइएका भौतिक संरचना भत्काइएको हो।

तीन दिन अघि कार्यवाहक नगरप्रमुख परवीन, प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापा, एसपी नरेन्द्रकुमार कार्की लगायतको टोलीले हटिया क्षेत्र, सिरहा रोड, अदालत रोडको निरीक्षण गरी अवैध तरिकाले निर्माण गरी अतिक्रमण गरेको संरचना हटाउन सम्बन्धितलाई आग्रह गरेको थिए। आग्रहका बाबजुद पनि नहटाएपछि शुक्रबार डोजर लगाएर भत्काइएको हो।

तीन पटक सूचना जारी गरी अतिक्रमित स्थान खाली गर्न आग्रह गर्दा पनि अटेर गरेका कारण तीन दिन अघि अन्तिम पटक खाली गर्ने समय दिंदा पनि खाली नगरिएकाले बाध्य भई डोजर लगाउनु परेको उनले बताईन्।

## स्व. नागेश्वर प्रसाद सिंहको स्मृती सभा सम्पन्न

**राजविराज**/सप्तरीबाटै राजनीतिक सुरु गरेका स्व. नागेश्वर प्रसाद सिंहको समाजिक पक्ष पनि उत्तिकै सवल रहेको चर्चा गरेका छन्।

नेपाल विश्व शान्ति समितिले बिहीबार राजविराजमा आयोजना गरेको पूर्वमन्त्री तथा सप्तरीका पुराना समाजसेवी डा. नागेश्वर प्रसाद सिंहको १३औं स्मृति सभामा वक्ताहरुले यस्तो बताएका हुन्।

बि.स. २०१५ सालको आमनिर्वाचनमा सप्तरीबाट बिजयी भएका सिंह २०१७ सालदेखी २०२१ सालसम्म मन्त्रीका रुपमा विभिन्न मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए। नेपाल रेडक्रस सोसाईटीका संस्थापक सदस्य समेत रहेका स्व. सिंहले लायन्स क्लब, विश्व शान्ति समिति स्थापनामा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको स्मृतीसभाका सहभागिहरुले चर्चा गरेका छन्।

कार्यक्रममा इतिहास विज्ञ एवं अवकाश प्राप्त प्राध्यापक कमल दासले स्व. सिंहको जिवनी बारे समेत प्रकाश पारेका उनले २४ वर्षकै उमेरमा चिकित्सा शास्त्र (एमबिबिएस) अध्ययन पुरा गर्ने उनी जिल्लाकै पहिलो व्यक्ति भएको बताए।

आयोजक समितिका महासचिव मधुबहादुर बिसीको अध्यक्षतामा आयोजित सभामा वरिष्ठ कानुन व्यवसायी हिम्मत सिंह, मदनमोहन चौधरी, शिक्षाविद् डा. चिरन्जिविलाल देव, राजिव कुमार मिश्रा, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, वरिष्ठ पत्रकार अनिलकुमार अनल, पूर्व मेयर एवं स्व. सिंहका सुपुत्र गोबिन्द सिंह, पूर्व मेयर शैलेश चौधरी, डा. अशोकानन्द मिश्र, रेडक्रस सोसाइटी शाखा सप्तरीका सभापति जोगेन्द्र भगत लगायतले स्व. सिंहको योगदानको चर्चा गरेका थिए भने कार्यक्रम संचालन अरुण तिवारीले गरेका थिए।

## लागु औषध सेवनका लागि पैसा नदिदा श्रीमतीको हत्या, आमा, बाबु घाइते

**राजविराज**/लागु औषध दुर्व्यसनीमा लागेका एक युवकको कुटाईबाट श्रीमतीको हत्या भएको छ भने उनका आमा, बुबा कुटाईबाट घाइते भएका छन्।

सप्तरीको महदेवा गाउँपालिका २ अकबरपुरका ३५ वर्षिय रामरुप खंगले लुगा धुन प्रयोग गरिने काठको मुग्रोंले टाउकोमा प्रहार गरी ३० वर्षिया श्रीमती पार्वतीको हत्या गरेका हुन्। सोही मुग्रों प्रहारबाटै ६२ वर्षिया आमा सम्तोलिया र ७० वर्षिय बाबु परशुराम घाइते भएर अस्पताल भर्ना भएका छन्।

लागु पदार्थ सेवनका लागी घरबाट पैसा लिएर जान नदिदा खंगको कुटाईबाट श्रीमतीको हत्या भएको तथा आमा, बाबु घाइते भएको प्रहरीले जनाएको छ।

आमा सम्तोलियाको अवस्था भने गम्भीर रहेको छिन्नमस्ता अस्पताल राजविराजले जनाएको छ। घटना क्रम अनुसार गत आईतवार राती १० बजेतिर लागु औषध सेवन गरेर घर आएका रामरुपले बाकसबाट पैसा झिकेर फेरी लागु औषध सेवन गर्न जान खोज्दा परिवारका सदस्यहरुले रोकेका थिए।

घटनापछी स्थानीयको सहयोगमा प्रहरीले रामरुपलाई नियन्त्रणमा लिई घाईते पार्वती, सम्तोलिया र परशुरामलाई उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज पुर्‍याएका थिए। रामरुप लागु औषध दुर्व्यसनी रहेको वडाध्यक्ष जागेश्वर प्रसाद इसरले बताए।

उपचार कै क्रममा मध्यराती पार्वतीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिए। रामरुपका बुवा परशुरामको जेनरल वार्डमा तथा आमा सम्तोलियाको आईसियुमा राखेर उपचार चलिरहेको छ।

लागु औषध दुर्व्यसनीका रुपमा गाउँघरमा परिचित रामरुपलाई सोमवार सप्तरी जिल्ला अदालतमा कर्तव्य ज्यान कसुर मुद्दामा म्याद थपि अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## समान रुपमा विज्ञापन बितरण गर्न नेपाल सरकारसँग माग

**राजविराज**/सप्तरीका मिडिया संचालकहरुले नेपाल सरकारले बितरण गर्दै आएको विज्ञापन समान रुपमा बितरण गर्ने नीति ल्याए पनि अहिलेसम्म व्यवहारमा लागु गर्न नसकेकोले समान रुपमा विज्ञापन वितरण गर्न नेपाल सरकारसँग जोडदार माग गरेको छ।

नेपाल पत्रकार महासंघ शाखा सप्तरीमा शुक्रबार वरिष्ठ पत्रकार अनिलकुमार अनलको अध्यक्षतमा बसेको बैठकले मधेश प्रदेश सरकारले मिडियाहरुका लागि उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापन वापतको रकम चालु आ.व. २०८०/८१ मा कटौती गरेकोमा गम्भिर ध्यानाकर्षण भएको जनाएको छ।

उक्त कार्यप्रति ध्यानाकर्षण गराउँदै मिडियाको निरन्तरताका लागि सहयोग गर्ने प्रदेश सरकारको दायित्व भएकोले आमसंचार प्राधिकरणले माँग गरे बमोजिम बजेट उपलब्ध गराउन माग समेत गरेको छ। बैठकले जिल्लाको १८ वटै स्थानीय तहहरुले स्थानीय संचारमाध्यमहरुलाई विज्ञापन तथा सूचना उपलब्ध गराउन कन्जुसियाई गरेको भन्दै सरल र सहज ढंगले स्थानीय संचारमाध्यमलाई विज्ञापनका साथै सूचना समेत उपलब्ध गराउन माग गरेको छ।

बैठकमा नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव, पूर्वसभापति मुरलीप्रसाद यादव, पूर्वउपाध्यक्ष सुधा देव, विभिन्न मिडियाका संचालक तथा संचारमाध्यममा कार्यरत संचारकर्मीहरुको उपस्थिति रहेको थियो।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# विद्यालय शिक्षाको सुधारमा अलमलिएको स्थानीय तह

**डा. बलराम तिमल्सिना**

असार २२ गते राष्ट्रिय परीक्षा बोर्डले कक्षा १० को अन्तमा लिइने परीक्षा एसईईको परीक्षाफल प्रकाशित गऱ्यो । परीक्षा फलको प्रारम्भिक विश्लेषणमा गत वर्षहरूको भन्दा यस वर्ष सामान्य सुधार आएको देखियो । परिणामको विषयगत र विधागत समीक्षाका साथै विद्यार्थीले हासिल गरेको ज्ञान, सीप र अभिवृत्तिका कोणबाट गरिने साङ्गोपाङ्गो विश्लेषण आउनै बाँकी छ । सायद शिक्षा मन्त्रालय वा परीक्षा बोर्डले के कस्ता क्षेत्रमा वा विषयमा के कति सुधार आएको हो, चाँडै सार्वजनिक गर्लान् ।

एसईईको परीक्षाफल प्रकाशनपछि विद्यालय शिक्षा सुधारका लागि स्थानीय तह के गर्दै छ भन्नेबारे विभिन्न कोणबाट क्रिया-प्रतिक्रिया आइरहेका छन् । माध्यमिक तह सम्मको शिक्षाको एकल अधिकार स्थानीय तहसँग भएको सन्दर्भमा स्थानीय जनप्रतिनिधिको बुझाइ के छ र के कस्ता कार्य गर्दै छन् भन्नेबारे यहाँ छोटो विश्लेषण गर्न खोजिएको छ ।

यो विश्लेषण स्थानीय तहका पदाधिकारीसँग भएको छलफलका आधारमा तयार पारिएको हो । छलफलका क्रममा ६ पालिका प्रमुख र उपप्रमुख, पाँचजना वडाध्यक्ष, दुईजना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र तीनजना प्रधानाध्यापकसँग प्रत्यक्ष सम्पर्क गरिएको थियो । यो छलफल चार विषयमा केन्द्रित थियो – विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि, शिक्षक व्यवस्थापन, आर्थिक व्यवस्थापन र आधारभूत तह अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क गर्ने ।

यी विषयमा जनप्रतिनिधिहरूले राखेको विचारको समीक्षा गर्नुअगाडि संविधान र कानुनले स्थानीय तहलाई विद्यालय शिक्षासम्बन्धी के कति अधिकार दिएको छ, त्यो हेरौँ ।

**शिक्षाबारे संविधान र कानुन**

संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्दछ भने अनुसूची ९ मा शिक्षालाई साझा अधिकारको रूपमा पनि राखिएको छ ।

शिक्षा नीति अनुसार, आधारभूत शिक्षाको उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालय भर्ना गरी अनिवार्य शिक्षा सुनिश्चित भएको पालिका घोषणा गर्ने पूरा अधिकार स्थानीय तहसँग छ । यही प्रावधान अनुसार नै असारको पहिलो हप्ता काभ्रे जिल्लाको बेथानचोक गाउँपालिकाले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित भएको पालिका घोषणा गरेको छ । अन्य कतिपय पालिकाले पनि यो घोषणा गरेका छन् भने कतिपय प्रयासरत रहेको पाइन्छ ।

संविधानले माध्यमिक शिक्षासम्मको सम्पूर्ण अधिकार स्थानीय तहको हुनेछ भने तापनि आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा प्रदान गर्ने दायित्व तिनै तहको सरकारको हुनेछ भनेर अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ धारा ४ मा स्पष्ट उल्लेख गरिएको छ । ऐनले संविधानको अनुसूची ९ लाई टेकेर यो व्यवस्था गरेको हो ।

ऐनको दफा ६ ले आधारभूत शिक्षा निःशुल्क गर्ने कुरा सङ्घ सरकारको पनि हो भन्ने कुरा प्रस्ट सङ्केत गर्दछ । यो दफाले भन्छ, 'यो ऐन प्रारम्भ भएपछि प्रत्येक स्थानीय तहमार्फत राज्यले चार वर्ष पूरा भई १३ वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्छ ।'

यसरी संविधान, शिक्षा नीति र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन हेर्दा आधारभूत तहसम्मको शिक्षा निःशुल्क गर्ने दायित्व तिनै तहका सरकारको देखिन्छ र स्थानीय तह खासगरी गाउँपालिकाको आफ्नै आयआर्जन गर्ने क्षेत्र नभएकाले यो प्रावधान राखिएको हुन सक्छ । जुन कुरा अहिलेसम्मको अभ्यासबाट अत्यावश्यक हो भन्ने प्रमाणित भइसकेको छ ।

विद्यालय शिक्षाको गुणात्मक अभिवृद्धि, शिक्षक व्यवस्थापन, अनुगमन तथा निरीक्षण, विद्यालय स्थापना तथा सञ्चालन भने स्थानीय तहको एकल कार्य क्षेत्रभित्र पर्ने देखिन्छ । पाठ्यक्रम, पाठ्यपुस्तक, आर्थिक व्यवस्थापन, प्रदेश र राष्ट्रिय स्तरका परीक्षा, शिक्षक दरबन्दी आदि प्रदेश तथा सङ्घीय सरकारको दायित्वभित्र पर्ने कुरा संविधान, शिक्षा नीति, ऐन-कानुन आदिले प्रस्ट पारेका छन् ।

**जनप्रतिनिधि र प्रधानाध्यापकको बुझाइ**

स्थानीय शिक्षा ऐन-नियम, कार्यविधि आदिका बारेमा कुरा गर्दा एक पालिका अध्यक्ष भन्छन्, 'राष्ट्रिय स्तरमा तामझामका साथ राष्ट्रिय शिक्षा आयोग बन्यो र प्रतिवेदन पनि बुझाइयो, तर सङ्घीय सरकारले यसलाई गोप्य राख्यो । प्रतिवेदन प्रकाशित गरेको भए शिक्षाका समस्या, समस्या समाधानका लागि अपनाउनुपर्ने उपाय, स्थानीय सरकारको भूमिका आदिका बारेमा जानकारी पाइन्थ्यो होला ।

जुन कानुनको अधीनमा रहेर हामीले ऐन-नियम बनाउनुपर्ने हो, त्यही शिक्षा ऐन अहिलेसम्म बनेको छैन, तैपनि हामीले स्थानीय रूपमा शिक्षा ऐन र कार्यविधि निर्माण गरेर कार्यान्वयन गरेका छौँ ।'

स्थानीय सरकारको कानुनी ज्ञानबारे एक प्रधानाध्यापकको भनाइ रोचक छ, 'हाम्रा प्रमुख, उपप्रमुखले सबै विषयवस्तुको ज्ञाताजस्तो गर्नुहुन्छ । सङ्घीय ऐन नियमको बेवास्ता गर्दै हामी पनि स्वायत्त सरकार हौँ भन्नुहुन्छ, अनि विद्यालय व्यवस्थापन समितिको कार्य क्षेत्रमाथि अतिक्रमण गर्नुहुन्छ । खै कसरी काम गर्न सकिएला र ! यसै गरी अनावश्यक हस्तक्षेप बढ्दै गयो भने भनेर उहाँ खुइय्य गर्नुहुन्छ ।'

माध्यमिक तहसम्मको शिक्षासम्बन्धी संवैधानिक प्रावधानबारे एक पालिका उपप्रमुखको भनाइ सोचनीय छ, 'संविधानमा एक वाक्य लेखेको भरमा सङ्घीय र प्रदेश सरकार विद्यालय शिक्षाको सबै दायित्व स्थानीय तहको हो भनेर उम्किन्छन् । हो, हामी आधारभूत तह अनिवार्य तथा निःशुल्क र माध्यमिक तह निःशुल्क भएको पालिका घोषणा गर्न चाहन्छौँ, तर यी सबै कार्यका लागि आर्थिक रूपले हामी सक्षम छैनौँ ।'

यो आठ वर्षको अनुभवमा विद्यालय शिक्षाको व्यवस्थापन गणतन्त्र आउनुभन्दा अगाडि र अहिले खासै केही फरक नपाइएको उनको भनाइ थियो । 'पहिले शिक्षाको बजेट जिल्ला शिक्षा कार्यलयबाट आउँथ्यो, अहिले हामीमार्फत । वश, यति मात्र हो । त्यही पनि यो यो क्षेत्रमा खर्च गर्ने भनेर तोकेर आउँछ,' उनी भन्छन्, 'सङ्घले एकमुष्ठ बजेट विनियोजन गर्ने अनि हामीले बाँडफाँड गर्न पाए पो शिक्षाको गुणस्तर वृद्धिमा पनि बजेट छुट्याउन पाइन्थ्यो । अहिले त शिक्षक तालिम, विद्यालयको पुस्तकालय अभिवृद्धि, शैक्षिक सामग्री खरिद, कम्प्युटर तथा विज्ञान प्रयोगशाला व्यवस्थापन आदिजस्ता विषयमा एक रुपैयाँ पनि छैन ।'

माथिको भनाइबाट के प्रस्टिन्छ भने स्थानीय तहले शिक्षासम्बन्धी प्रयोगका लागि बजेट विनियोजन गर्न पाउने अधिकार महत्त्वपूर्ण छ । आफ्नो आयस्रोत भएको पालिकाले त शिक्षामा खर्च गर्ने गरी बजेट व्यवस्थापन गर्न सक्छ । यसको उदाहरण हो, काठमाडौँ महानगरपालिका । बजेटका लागि पूर्ण रूपमा प्रदेश र सङ्घमा भर पर्नुपर्ने पालिकाको जब शीर्षक तोकेर ससर्त अनुदान मात्र सङ्घबाट जान्छ, अनि पालिकाले कसरी खर्च गर्न सक्छ शिक्षाको गुणस्तर उकास्ने क्षेत्रमा बजेट !

शिक्षक व्यवस्थापनका बारेमा सोधिएको एक प्रश्नमा एक प्रमुख भन्छन्, 'प्रधानाध्यापकले हामीलाई यसबारे बताउनु नै हुन्न । शिक्षक नियुक्ति गर्नुपर्दा हामीलाई विधि र प्रक्रियाका बारेमा सामान्य जानकारी समेत दिइँदैन । हामी पनि प्रस्ट छैनौँ कि शिक्षक नियुक्तिको अधिकार हाम्रो हो कि विद्यालय व्यवस्थापन समितिको ! कोही प्रधानाध्यापक यो विषयको शिक्षक खालि भयो नियुक्ति गरेर पठाइदिनुस् भनेर पत्र लेख्नुहुन्छ, कोही नियुक्ति गर्ने अनुमति दिनुस् भनेर लेख्नुहुन्छ अनि कुन हो त हाम्रो अधिकार बुझ्नै गाह्रो ।

यसै सन्दर्भमा माविका एक प्रधानाध्यापकसँग अन्तर्क्रिया गर्दा उनको भनाइ छ, 'पालिका शिक्षक सरुवा गर्न खोज्छ । सरुवामा राजनीतिक पूर्वाग्रह देखाइन्छ । अनावश्यक रूपमा प्रधानाध्यापक फेर्न खोजिन्छ । व्यवस्थापन समितिको निर्णयमा हस्तक्षेप गर्ने प्रयास हुन्छ, अनि हामीले कसरी स्वतन्त्र रूपमा काम गर्ने ? हाम्रो मनोबल कसरी उच्च हुन्छ ?'

विद्यालय अनुगमन तथा सुपरीवेक्षण सम्बन्धमा सोधिएको एक प्रश्नमा एक

*बाँकी चार पृष्ठमा*





अनुरोधकर्ता

तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : नवीन साप्ताहिक**

## विद्यालय शिक्षाको...

वडाध्यक्ष भन्छन्, 'हामी विद्यालयमा त बारम्बार जान्छौं, तर शिक्षण सिकाइ क्रियाकलापका बारेमा छलफल गर्न शिक्षक साथीहरू रुचि नै देखाउनुहुन्न । अनि उही भवन हेर्‍यो, सरसफाइ के छ हेर्‍यो, सामान्य गफ गर्‍यो फर्क्यो ।'

उनी जनप्रतिनिधिको कमजोरी पनि औँल्याउँछन्, 'साँच्चैभन्दा शैक्षिक अनुगमन र सुपरीवेक्षण प्रक्रिया, विधि र पद्धतिबारे हामी जनप्रतिनिधिलाई पनि थाहा छैन ।'

अनुगमन र सुपरीवेक्षणकै सन्दर्भमा छलफल गर्दा एक पालिका उपाध्यक्ष आफ्नो अनुभव सुनाउँछन्, 'विद्यालय अनुगमन अन्य भौतिक विकास निर्माणको अनुगमन जस्तो होइन । त्यसैले हामी जनप्रतिनिधिलाई पनि शैक्षणिक क्रियाकलाप, गुणात्मक शिक्षाका मापदण्ड र सूचक आदिका बारेमा कम्तीमा पनि एक-दुई दिनको प्रबोधीकरण कार्यक्रम गर्नुपर्ने महसुस गरेको छु ।

विद्यालयको गुणस्तर उकास्ने सम्बन्धमा हामी निकै चिन्तित छौं । अभिभावकहरू विद्यालयको सुधार र शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्नुपर्‍यो भनेर बारम्बार पालिकामा डेलिगेसन आउनुहुन्छ । हामी प्रयासरत छौं भन्छौं, तर चुरो कुरो हामीलाई नै थाहा छैन । गुणस्तर के हो, यसका मापदण्ड र सूचक के हुन्, के गर्दा गुणस्तर बढ्छ भन्नेमा हामी सबै अलमलमा छौं । उही विद्यार्थीले एसईईमा जीपीए बढी ल्याए भने शिक्षाको गुणस्तर बढ्यो भन्छौं । गुणस्तरीय शिक्षामापन गर्ने पक्ष त्यो मात्र होइन होला, तर आफैंलाई थाहा छैन, अनि के गर्ने ?'

एक नगरप्रमुख शिक्षासम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयनमा सङ्घीय सरकार सहयोगी नभएको कुरा बताउँछन् । 'देशमा सङ्घीयता लागु भएको आठ वर्ष बित्यो । एउटा पालिकाको एक कार्यकाल बितेर पनि हामी आएको १४-१५ महिना हुन लाग्यो । यो समयमा न सङ्घीय शिक्षा ऐन बन्यो, न प्रदेश शिक्षा ऐन । न शिक्षक छनोटका प्रस्ट आधारसहितको निर्देशिका बन्यो, न परीक्षा र मूल्याङ्कनका विधि, प्रक्रिया र आधार केही बन्न सके,' उनी भन्छन्, 'गुणात्मक शिक्षा भनिन्छ तर त्यसका मापदण्ड र सूचक बनाउने जिम्मेवारी सङ्घीय सरकारले पूरा गरेन । अनि हामी कुहिरोका काग भएनौं त ? जुन पालिकालाई जे लहड चल्छ, त्यही गर्ने परम्परा बस्न थालेको छ । केही आधारभूत कुरामा त राष्ट्रिय रूपमा नै एकरूपता हुनुपर्ला नि होइन र ?'

शैक्षिक गुणस्तरबारे छलफल गर्दा दोस्रोपटक निर्वाचित एक पालिका प्रमुख भन्छन्, 'जुन विद्यालयका प्रधानाध्यापक व्यावसायिक र दक्ष छन्, जुन विद्यालयमा शिक्षक राजनीतिमा संलग्न छैनन्, व्यवस्थापन समितिमा राजनीतिक दलको अनावश्यक हस्तक्षेप छैन, त्यस्ता विद्यालयले क्रमशः राम्रो गर्दै छन् ।

हाम्रो पालिकामा माध्यमिक तहका शिक्षक दरबन्दी अपुग छ । स्थानीय स्रोतबाट नियुक्त गर्न पालिकासँग बजेट छैन । विनाशिक्षक गुणात्मक शिक्षाको अपेक्षा कसरी गर्ने ?'

**सुधार चाहन्छन् तर...**

माथिको समग्र छलफलबाट के निष्कर्ष निकाल्न सकिन्छ भने स्थानीय जनप्रतिनिधिमा विद्यालय शिक्षालाई व्यवस्थित गर्दै गुणस्तरमा अभिवृद्धि गर्ने हुटहुटी छ । संविधान र कानुनले व्यवस्था गरे अनुसार आफ्नै कार्यकालमा पालिकालाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित भएको घोषणा पनि गर्न चाहन्छन् । त्यति मात्र होइन संविधानको भावना अनुसार कक्षा १२ सम्म निःशुल्क बनाउन पनि चाहन्छन् ।

यद्यपि जनप्रतिनिधिहरूमा ऐन-कानुनबारे अल्पज्ञान देखिन्छ, जसले यसबारे पूर्ण रूपमा बुझेका छन्, उनीहरू पनि पूर्णरूपमा पालना गर्न चाहँदैनन्, खासगरी शिक्षक नियुक्तिको विषयमा । शिक्षक नियुक्तिको अधिकार विद्यालय व्यवस्थापन समितिसँग छ, तर पालिका प्रमुख, उपप्रमुख वा वडाध्यक्ष यो प्रक्रियामा प्रत्यक्ष वा परोक्ष रूपमा हस्तक्षेप गर्छन् । आफूले चाहे अनुसारको व्यक्ति नियुक्त होस् भन्ने चाहन्छन् ।

जनप्रतिनिधिले नियमित रूपमा विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गर्नुको अर्थ उनीहरू विद्यालयका गतिविधि नजिकबाट नियाल्न चाहन्छन् र विद्यालयको नियमन गर्न चाहन्छन् ।

विद्यालयमा शिक्षकहरू नियमित आई समयमै कक्षा कोठामा पसून्, कक्षा कोठामा पूरा समय बसून् र शिक्षण सिकाइ प्रभावकारी बनाऊन् भन्ने चाहन्छन् अहिलेका जनप्रतिनिधिहरू । तर, उनीहरूलाई पाठ्य क्रियाकलाप र विषयवस्तुबारे जानकारी नभएकाले अनुगमन तथा सुपरीवेक्षणमा गर्न समस्या भइरहेको छ । प्रधानाध्यापक र शिक्षकसँग अन्तर्क्रिया गर्ने कि नगर्ने आदिबारे पनि उनीहरू प्रस्ट छैनन् । त्यसैले विद्यालय भ्रमण गर्ने जनप्रतिनिधिको ध्यान विद्यालयको भौतिक निर्माण, पुस्तकालय, प्रयोगशाला, कम्प्युटर आदिको बारेमा बढी केन्द्रित भएको पाइयो ।

शिक्षाको गुणस्तर उकास्नेबारे जनप्रतिनिधि बढी नै चिन्तित रहेको पाइयो, तर गुणस्तर के हो ? यसका मापदण्ड र सूचक के के हुन् ? गुणस्तर अभिवृद्धि गर्न नगरी नहुने कार्य के के हुन् ? त्यसमा पनि तुरुन्तै गर्नु पर्ने के हो ? दीर्घकालमा गर्नु पर्ने के हो ? भन्नेमा प्रायः जनप्रतिनिधि अनभिज्ञजस्तै देखिए । गुणस्तरको क्षेत्रमा स्थानीय जनप्रतिनिधिले चाहेर पनि खास उल्लेख्य रूपमा केही गर्न सकिएको पाइएन ।

स्थानीय जनप्रतिनिधि खासगरी प्रमुख-उपप्रमुखले शिक्षकको सरुवा र प्रधानाध्यापक नियुक्तिमा बढी नै चासो दिएको पाइयो । कतिपयले यी दुवै कार्य राजनीतिक आधारमा कार्यान्वयनमा ल्याएको पनि देखियो । शिक्षक सरुवा र प्रधानाध्यापक फेर्ने नीतिले शिक्षाको गुणस्तर अभिवृद्धिमा, विद्यालय व्यवस्थापनमा र शिक्षकको नियमिततामा भने खास सकारात्मक प्रभाव पारेको देखिएन ।

यी र यस्तै समस्यासँग रुमलिँदै विद्यालय शिक्षा चलिरहेको छ । यसलाई सुधार गर्न अब के गर्नुपर्छ, त्यसबारे पनि सङ्क्षिप्त चर्चा गरौं ।

**कसरी गर्ने सुधार ?**

सङ्घीयताको कार्यान्वयनपछि स्थानीय निकायले शिक्षाको अपनत्व लिएको छ । निगरानी र नियमन बढाएको छ । फलस्वरूप यस वर्षको एसईईको परिणाममा सामान्य सुधार देखिएको हो, तर यी सबै पक्षलाई प्रणालीमा ढाल्न आवश्यक सङ्घीय र प्रदेश शिक्षा ऐन, नियमावली, विभिन्न विषयका मापदण्ड र राष्ट्रिस्तरका सूचकहरू जस्ता सङ्घ र प्रदेशले निर्माण गर्नुपर्ने कुरा चाँडो निर्माण गरिनुपर्छ ।

स्थानीय पदाधिकारीको क्षमता अभिवृद्धि महत्त्वपूर्ण देखिएको छ । व्यक्तिगत, संस्थागत र प्रणालीगत क्षमता अभिवृद्धि अहिलेको आवश्यकता हो । कानुनी साक्षरता, गुणात्मक शिक्षाका मापदण्ड र सूचक, अनुगमन र निरीक्षणका प्रक्रिया र विधि, शिक्षक छनोटको प्रक्रिया आदिको सैद्धान्तिक ज्ञान स्थानीय जनप्रतिनिधिलाई अत्यावश्यक देखिन्छ । सङ्घीय सरकारले स-साना हाते पुस्तक बनाएर वा छोटो अवधिको तालिम दिएर स्थानीय पदाधिकारीलाई यी विषयमा आवश्यक ज्ञान दिन जरुरी छ ।

संविधानको प्रावधान अनुसार साँच्चै आधारभूत शिक्षा अनिवार्य र माध्यमिक शिक्षा निःशुल्क गर्ने हो भने सङ्घीय सरकारले शिक्षामा बजेट बढाउनैपर्छ । नेपालले अन्तर्राष्ट्रिय मञ्चमा कुल बजेटको १५-२० प्रतिशत वा कुल गार्हस्थ्य उत्पादनको ४-६ प्रतिशत बजेट शिक्षामा विनियोजन गर्न प्रतिबद्धता व्यक्त गरेको छ, तर आर्थिक वर्ष २०८०/०८१ को शिक्षाको बजेट कुल राष्ट्रिय बजेटको ११.२७ प्रतिशत मात्र छ । यही बजेटले विद्यालय शिक्षासम्बन्धी संवैधानिक प्रावधान लागु गर्न किमार्थ सकिँदैन ।

साथै सबै पालिकालाई एउटै डालोमा राखेर अर्थ मन्त्रालयले सूत्र प्रयोग गरेर बजेट विनियोजन गर्ने हो भने स्थानीय आयस्रोत पटक्कै नभएका पालिकालाई अन्याय हुन्छ । त्यसैले पालिकाको आम्दानीको स्रोत ख्याल गरेर बजेट विनियोजन गर्ने प्रणालीको विकास गरिनुपर्छ ।

ससर्त अनुदानको प्रावधानले काम गर्न चाहने स्थानीय तहको पनि हात बाँधिएको छ । राज्यले पूरा गर्नुपर्ने प्राथमिकताका क्षेत्र सुनिश्चित गर्दै ससर्त अनुदानको रकम घटाउँदै जानुपर्छ । पालिकालाई प्रदान गरिने एकमुष्ठ बजेटको रकम बढाउँदै लानुपर्छ । यसले गर्दा स्थानीय निकायले शिक्षाको गुणस्तर वृद्धिमा आवश्यक बजेट विनियोजन गर्न सक्छ, तर यसका लागि स्थानीय तहलाई थप जिम्मेवार र जवाफदेही भने बनाउनुपर्छ, ताकि एक क्षेत्रको बजेट अर्को क्षेत्रमा खर्च नहोस् ।

मैले छलफल गरेका सबै पालिकामा शिक्षक दरबन्दी प्राथमिक तहमा बढी र माध्यमिक तहमा कम भएको पाइयो । त्यसैले एकपटक सङ्घीय सरकारले देशलाई एक भूगोल मानेर आधारभूत र माध्यमिक तहका दरबन्दीको पुनर्वितरण गर्न अनिवार्य छ । तहगत रूपमा बढी दरबन्दी कटौती गर्ने र नपुग दरबन्दी सिर्जना गरेर स्थानीय तहलाई जिम्मा लगाउनुपर्छ ।

शिक्षाको समग्र सुधारमा शिक्षाको नीति, कार्यक्रम र बजेट मात्र जोडिँदैन, त्यसमा आयआर्जनका कार्यक्रम, महिला सशक्तीकरण कार्यक्रम, सामाजिक सुरक्षा, रोजगारी सिर्जना, विद्युत्, सूचना तथा सञ्चार आदि पनि जोडिएर आउँछ । सङ्घ र प्रदेशमा यी फरक-फरक मन्त्रालयअन्तर्गत पर्ने भए पनि अन्ततः कार्यान्वयन गर्ने स्थानीय तह नै भएकाले यी सबै कार्यक्रमलाई एकापसमा मिलाएर एकले अर्कोलाई सहयोग पुग्ने गरी कार्यान्वयन गर्न सकिन्छ, तर यसबारे स्थानीय जनप्रतिनिधिलाई सजग र सुसूचित गराउनु अनिवार्य छ ।

विद्यालय शिक्षालाई चुस्त, दुरुस्त बनाउँदै विद्यालयमा आधारित व्यवस्थापन पद्धति अनुसरण गरी शिक्षाको गुणस्तर वृद्धि गर्न स्थानीय तह तन, मन र धनले प्रतिबद्ध रहेको पाइन्छ, तर के गर्ने के नगर्नेमा उनीहरू अलमलमा छन् । यो प्रतिबद्धतालाई परिणाममा देखिने गरी कार्यान्वयनमा ल्याउन आवश्यक कानुन, आवश्यक वित्तीय व्यवस्थापन, आवश्यक शिक्षकको आपूर्ति र समयानुकूल पाठ्यक्रम र पाठ्यपुस्तकको व्यवस्थापन गर्ने काम प्रदेश र सङ्घीय सरकारले प्राथमिकताका साथ पूरा गर्नुपर्छ । रातोपाटीबाट

# साइबर क्राइम

**पृष्ठभूमी**

वर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्‍याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्वन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउन्सर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

जनहितका लागि : डाक्नेश्वरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी

# कोशी पीडितहरु पुन: आन्दोलित

**राजविराज**/ कोशी कटान डुवान पीडित संघर्ष समितीले आन्दोलनको घोषणा गरेको छ। बुधबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी यस्तो घोषणा गरेका हुन्।

संघर्ष समिति सुनसरी, उदयपुर र सप्तरीका संयोजक महिदेव प्रसाद चौधरीले पत्रकार सम्मेलनमा आगामी २३ साउनदेखी सप्तरी र सुनसरीको सीमामा पर्ने कोशी ब्यारेज क्षेत्रमा अनिश्चितकालिन धर्ना, रिले अनशन र सभाको आयोजना गर्ने निर्णय भएको जानकारी दिएका छन्।

कोशी पीडितहरुले मुआब्जाको माँग गर्दै बारम्बार आन्दोलन गरेपनि कुनै समाधान नआएको भन्दै निर्णायक आन्दोलनको कार्यक्रम घोषणा गरेका हुन्।

आन्दोलनका लागी कोशी ब्यारेजमा तीन वटै जिल्लाका कोशी पीडितहरु भेला हुने तय भएको उनले बताए। बेला बेलामा आन्दोलन चर्काउदै आएका उनीहरुले अब भने निर्णायक आन्दोलन थालेको जनाएका छन।

आन्दोलनका कार्यक्रम अन्तर्गत चतरादेखि कुनौली बोर्डर सम्मको कोशी योजनाद्वारा गरिने निर्माण कार्य पनि ठप्प पार्ने तय भएको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ।

पत्रकार सम्मेलनमा संघर्ष समितिका कोषाध्यक्ष काशिम अन्सारीले तीनै जिल्लाका पीडितका लागी उचित स्थान भएको र भारतीय क्षेत्र पनि नजिक पर्ने भएकाले कोशी ब्यारेज मै आन्दोलन थालिने निर्णय भएको बताए।

पत्रकार सम्मेलनमा संघर्ष समितीका बरिष्ठ सहसंयोजक दुर्गानन्द चौधरीले सप्तकोशी पीडितको समस्या समाधानका लागि भारतीय सरकारसंग कुटनीतिक पहल गर्न नेपाल उदासिन रहेको आरोप लगाए। उनले २०७१ साउनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आएका बेला २ देशमा प्रधानमन्त्री बीच कोशी पीडितको समस्या समाधान गर्ने सहमती भएपनि त्यो अहिले सम्म कार्यान्वयनमा नआएको बताए।

कोशी सम्झौता हुदा भारतीय पक्षले डुबान क्षेत्रको मुआब्जा दिने भने पनी न दिएको तथा नेपाल सरकारले पनि सम्झौता कार्यान्वयनका लागी ठोस पहल नगरेको उनले गुनासो पोखे।

वि.स. २०११ सालमा नेपाल-भारत बीच भएको कोशी सम्झौता अनुसार कोशी योजना अर्न्तगत परेको जग्गाको मुआब्जा तथा क्षति भएको बालीनालीको क्षतिपुर्ती भारत सरकारले दिनु पर्ने उल्लेख छ।

किसानहरुको हजारौ विगहा जग्गा कटान भएको तथा बालीमा भएको क्षतिका बारेमा सन २०१३ मा दिल्लीमा भएको नेपाल-भारत सिंचाई जलश्रोत मन्त्री स्तरिय बैठक तथा सन् २०१४ मा काठमाण्डौमा आयोजित विदेश मन्त्री स्तरीय बैठकमा समेत सो विषय समावेश भए पनि आश्वासन बाहेक केही पाउन नसकेको संघर्ष समितिका सल्लाहकार नागेन्द्र झाको भनाई छ।

संघर्ष समितीले कोशी सम्झौताको भारत सरकारबाट पालना र कार्यान्वयन हुनुपर्ने, बाली नालीको क्षतिपुर्ती पाउने पर्ने तथा १ सय १९ वर्षको लिजमा रहेको नेपाली किसानको जग्गा जमिनको सरक्षा तथा नाप, नक्शा अविलम्ब गर्नु पर्ने मुख्य माग रहेको जनाएका छन्।

# खर्च विवरण सार्वजनिक नगर्ने उम्मेदबारहरुलाई १५ हजार जरिवाना

**राजविराज**/प्रतिनिधिसभा सदस्य निर्वाचनमा सप्तरीबाट जसपा अध्यक्ष उपेन्द्र यादव, नेपाली काँग्रेसका दिनेश कुमार यादव, जनमत पार्टीका अनिस अंसारीसहित ४५ जना उम्मेदवारले खर्च विवरण सार्वजनिक नगरेको निर्वाचन आयोगले जारि गरेको विज्ञप्तिमा उल्लेख छ।

निर्वाचनको खर्च विवरण सार्वजनिक नगर्ने उम्मेदबारहरुलाई निर्वाचन आयोगले १५ हजार जरिवाना गर्ने निर्णय गरेको छ।

त्यस्तै प्रदेशसभा सदस्य निर्वाचनमा जसपाका शैलेन्द्र प्रसाद साह, स्वतन्त्र अनिरुद्ध कुमार सिंह, जसपाका अभिषेक यादव, लोसपाका गजेन्द्र कुमार मण्डल लगायत ८३ जना छन्।

सात वटै प्रदेशमा उम्मेदवार बनेकाहरुले आयोगले तोकेको समय अवधी २०८० वैशाख ४ गतेको निर्णयानुसार निर्वाचन खर्चको विवरण सार्वजनिक गरी सोको जानकारी दिन निर्देशन दिइएकोमा तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण सार्वजनिक नगरेकाहरुको नामावली सार्वजनिक गरिएको आयोगद्वारा मंगलबार जारि विज्ञप्तिमा उल्लेख छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा जारि विज्ञप्तिमा जरिवाना लागेका उम्मेदवारले ३५ दिन भित्र राजश्व दाखिला गरी सोको भौचरसहितको निवेदन निर्वाचन आयोग वा सम्बन्धीत निर्वाचन कार्यालयमा पेश गर्न आदेश दिने वा निर्वाचन खर्चको विवरण ७ दिनभित्र सार्वजनिक गरी सो को जानकारी सम्बन्धीत निर्वाचन कार्यालयमा ७ दिनभित्र निवेदन सहित पेश गर्न पुन: आदेश दिने निर्णय भएको उल्लेख छ।

सोही विज्ञप्तिमा जरिवाना वापतको रकम तोकिएको समयभित्र नबुझाउने उम्मेदवारहरुलाई तत्काल हुने एक निर्वाचनमा भाग लिन नपाउने गरी रोक लगाउने र जरिवाना वापतको रकम सरकारी बाँकी सरह असुल उपर गर्न केन्द्रिय तहसिल कार्यालमा लेखी पठाउने निर्णय भएको जनाइएको छ।

# विद्युत सट भई आगलागि

**राजविराज**/सप्तरीको बोदेबर्साईन नगरपालिका ३ सारश्रवर टोलमा सोमबार विद्युत सट भई आगलागि हुँदा लाखौं मुल्य बराबरको क्षति भएको छ।

स्थानिय मो. हसमतको घरमा विधुतको तार सट भई अचानक आगलगि हुँदा लत्ताकपडा, अन्नखाधान्न लगायत गरि ७ लाख १९ हजार मुल्य बराबरको धनमाल जलेर क्षति भएको प्रहरीले जनाएको छ।

ईलाका प्रहरी कार्यालय बोदेबर्साईन सप्तरीको टोलि, स्थानिय बासी र प्रहरीको सहयोमा उक्त आगो नियन्त्रणमा जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।


जनहीतका लागि जारि सन्देश

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्वा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ं आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बरहरु**

**जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**
**सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म पातो -९८५१२७२४८५**
**इलाका प्रहरी कार्यालय, पातो - ९८५२८९०५११**

अनुरोधकर्ता : **डाक्नेश्वरी नगरपालिका, सप्तरी**


# अन्तर्राष्ट्रिय समाचार

## सुरक्षा परिषद्द्वारा नाइजर सैन्य विद्रोहको निन्दा

**नियामे**/संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले पश्चिम अफ्रिकी मुलुक नाइजरमा बुधबार राति भएको सैनिक विद्रोहको निन्दा गर्दै राष्ट्रपति मोहम्मद बाजुमलाई नि:शर्त रिहा गर्न आह्वान गरेको छ। परिषद्का सदस्य राष्ट्रको आजको बैठकले राष्ट्रपति बाजुमका परिवारका सदस्य र उहाँको सरकारका सदस्यको सुरक्षा गर्नुपर्नेमा जोड दिएको छ। असंवैधानिक ढङ्गले भएको सरकार परिवर्तनको नकारात्मक प्रभावले आतङ्ककारी गतिविधिमा वृद्धिका साथै बिग्रहको सामाजिक आर्थिक अवस्थाप्रति बैठकले चिन्ता व्यक्त गरेको छ।

बैठकले संवैधानिक व्यवस्थाको पुन:स्थापनामा जोड दिँदै अफ्रिकी देशको आर्थिक समुदाय, अफ्रिकी सङ्घ र संयुक्त राष्ट्रसङ्घद्वारा गरिएका प्रयासप्रति समर्थन जनाएको छ। परिषद्का सदस्य राष्ट्रले नाइजरका जनताप्रति ऐक्यबद्धता जनाउँदै उनीहरूको सुरक्षा र समृद्धिको कामना गरेका छन्।

नाइजर सेनाको एक टोलीले राष्ट्रिय टेलिभिजनबाट विद्रोहको घोषणा गर्दै राष्ट्रपतिलाई अपदस्त गरेको दाबी गरेको छ। सैन्य टोलीले राष्ट्रपति मोहम्मद बाजुमलाई बुधबार बिहानैदेखि सेनाले नियन्त्रणमा लिएको छ भने देशको संविधान विघटनका साथै सबै संस्था निलम्बन गरिएको घोषणा पनि गरेको छ।

यसैबीच, फ्रान्सेली विदेशमन्त्रीले सैनिक घेरामा राष्ट्रपति निवासमा रहेका राष्ट्रपति बाजुमसँग राष्ट्रपति इम्यानुएल म्याक्रोँले टेलिफोन वार्ता गर्नुभएको जानकारी दिँदै बन्दी बनाइएका राष्ट्रपति स्वस्थ रहेको बताउनुभएको छ। "नाइजरका राष्ट्रपतिसँग सम्पर्क कायम गर्न सकिन्छ, उहाँ अगम्य हुनुहुन्न," उहाँले भन्नुभएको छ।

अफ्रिकी तथा अन्य अन्तरराष्ट्रिय संस्था, नाइजरका सहयोगी जर्मनी संयुक्त राज्य अमेरिका, युरोपेली सङ्घ, फ्रान्सलगायत देशका साथै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सैन्य विद्रोहको निन्दा गर्दै राष्ट्रपति बाजुमलाई अविलम्ब रिहा गर्न आह्वान गरेका छन्।

सैनिक घेरामा रहनुभएका नाइजरका राष्ट्रपति मोहम्मद बाजुमले ठूलो सङ्घर्षबाट प्राप्त लोकतन्त्रलाई जोगाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत उहाँले प्रजातन्त्र र स्वतन्त्रताका पक्षधर सबै नाइजसवासी आफ्नो पक्षमा रहेका बताउनुभएको हो। उहाँले लोकतन्त्रका निम्ति साहसपूर्वक लड्ने दृढता पनि व्यक्त गर्नुभएको हो।

नाइजरका विदेश मन्त्री हसौमी मसुदुउले देशको वैध शक्ति निर्वाचित राष्ट्रपति भएकाले विद्रोहमा उत्रेका सबै सिपाहीलाई काममा फर्कन र वार्ताका माध्यमबाट समस्याको निकास खोज्नुपर्नेमा जोड दिनुभएको छ। उहाँले गणतन्त्रको विपक्षमा जान नसकिने पनि स्पष्ट गर्नुभएको छ।

भूपरिवेष्टित राष्ट्र नाइजर विश्वकै निर्धनतम राष्ट्रमध्येको एक हो। सन् १९६० मा फ्रान्सबाट स्वतन्त्र भएपछि चारपटक यस्ता विद्रोह भइसकेका छन्। राष्ट्रपति बाजुमविरुद्ध पनि दुई पटक विद्रोह भएको छ। एजेन्सी

## बङ्गलादेशमा व्यापक विरोधप्रदर्शन

**ढाका**/बङ्गलादेशको राजधानी ढाकामा विशाल विरोधप्रदर्शन भएको छ। परिस्थितिलाई नियन्त्रणमा लिन र शान्तिसुव्यवस्था कायम गर्न सुरक्षाकर्मीलाई हम्मेहम्मे परेको छ। राजधानीका मुख्य सडकमा उत्रेका प्रदर्शनकारीले धानमन्त्रीको राजीनामा माग्दै यातायात सेवा ठप्प पारेका छन्भने प्रहरीमाथि ढुङ्गामुढा गरेका छन्। प्रहरीले आफूमाथि ढुङ्गामुढा भएपछि भीडलाई तितरबितर गर्न रबरको गोली र अश्रुग्यास प्रहार गरेको छ। विपक्षी बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) र उसका सहयोगीहरूले गत वर्षदेखि शेख हसिनाको राजीनामा र आगामी जनवरीमा हुने निर्वाचनसम्म कामचलाउ सरकार गठन हुनुपर्ने माग गर्दै शृङ्खलाबद्ध विरोध प्रदर्शन गरेका छन्। शहरका प्रमुख नाकामा सवारी आवागमन अवरुद्ध गर्न बिहान भेला भएका हजारौँलाई हटाउन प्रहरी लागेपछि धेरै स्थानमा दोहोरो झडप भएका छन्। केही प्रहरी अधिकारी घाइते भएका ढाका महानगरीय प्रहरीका प्रवक्ता फारुक अहमदले एएफपीलाई बताएका छन्। उनले स्थितिलाई नियन्त्रणमा लिने अश्रुग्यास र रबरका गोली प्रहार गरिएको बताएका छन्। ढाका शहर वरपरका चार स्थानमा प्रदर्शनकारी र प्रहरीबीच झडप भएको छ। एजेन्सी

## अभ्यासका क्रममा सैन्य हेलिकप्टर दुर्घटना, चार जना वेपत्ता

**ब्रिस्बेन**/सैनिक अभ्यासका क्रममा अष्ट्रेलियाली सेनाको एउटा हेलिकप्टर दुर्घटना भएको छ। प्रशान्त महासागरमा दुर्घटनाग्रस्त हेलिकप्टरको भग्नावशेष भेटिएको अष्ट्रेलियाली प्रहरीले जनाएको छ। प्रहरीले दिनरात खोजी गर्दा पनि त्यसमा सवार चालक दलका चार जना सदस्यको कुनै अत्तोपत्तो नलागेको बताएको छ। क्विन्सल्याण्डका प्रहरी प्रमुख डगलस म्याकडोनाल्डले दुर्घटनाग्रस्त हेलिकप्टरका धेरै भग्नावशेष फेला पारेको तथा चालक दलका सदस्यको खोजी जारी रहेको बताएका छन्। क्विन्सल्याण्डमा जारी यस वर्षको संयुक्त राज्य अमेरिका-अष्ट्रेलिया द्विवार्षिक सैन्य अभ्यासम जापान, फ्रान्स, जर्मनी, दक्षिण कोरियालगायत १३ राष्ट्रका तीस हजारभन्दा बढी सैनिक सहभागी छन्। शनिबार राति उक्त दुर्घटना भएपछि अष्ट्रेलियाले जारी संयुक्त अभ्यास स्थगन गरेको छ। एजेन्सी

# छात्रछात्राहरुलाई उज्जवल भविष्य छात्रबृति वितरण



**राजविराज**/राजविराज नगरपालिका ९ स्थित जनता आधारभूत विद्यालय मलेठ गढियामा अध्ययनरत चार जना छात्रछात्रालाई स्व. राजेन्द्र लाल दास उज्जवल भबिष्य छात्रबृति प्रदान गरिएको छ ।

विद्यालयमा आयोजित एक कार्यक्रमका बीच सो विद्यालयमा अध्ययनरत विद्यार्थीहरु मध्ये सर्बोकृष्ट अंक ल्याउने जेहेन्दार दुई जना छात्र र दुई जना छात्रालाई सो छात्रबृति वितरण गरिएको हो ।

स्व. दासकी श्रीमति मुनीदेवी दास र वडा नम्बर ९ का वडा प्रतिनिधि चन्दर यादव, विद्यालयका प्रधानाध्यापक श्याम सुन्दर पासवानले छात्रछात्रालाई छात्रबृति वापतको चेक हस्तान्तरण गरे ।

स्व. दासको स्मृतिमा परिवारजनद्वारा स्थापित सो छात्रबृति विगत पाँच बर्षदेखि सो विद्यालयको कक्षा ५ मा सर्बोत्कृष्ट अंक ल्याउने एक जना छात्र र एक छात्रालाई नगद रु. पाँच हजारका दरले छात्रबृति वितरण गर्दै आएको छ ।

अघिल्लो बर्ष प्राबिधिक कारण छात्रबृति वितरण हुन नसकेकोले दुबै बर्षको छात्रबृति यसबर्ष एकै पटक वितरण गरिएको विद्यालयका प्रअ पासवानले बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिलाल सदाको अध्यक्षतामा आयोजित छात्रबृति वितरण कार्यक्रममा स्व. दासका परिवारजन, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, स्थानीय अभिभावक, बुद्धिजिवी लगायतको उपस्थिति रहेको थियो ।

# उपप्रमुख मिरा यादव धरौटीमा रिहा, श्रीमान अझै फरार



**राजविराज**/दुई देशको नागरिकता लिएको सम्बन्धी कसुरमा विगत २३ दिनदेखी प्रहरी हिरासतमा रहेकी सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपप्रमुख मिरा कुमारी यादव एक लाख धरौटीमा रिहा भएकी छिन् ।

सोमवार न्यायाधिश हरिशचन्द्र इङ्गनामको इजलाशले उपप्रमुख यादवलाई १ लाख रुपैया धरौटी र तारेखमा रिहा गर्ने आदेश दिएको हो । सोही मुद्दाका अर्का आरोपी मिराका श्रीमान महेन्द्र भने अझै फरार छन् । उनको खोजी कार्य भईरहेको प्रहरीले जनाएको छ ।

उपप्रमुख मिरा विरुद्धका नागरिकता सम्बन्धि कसुर मुदामा जाहेरवालाको तर्फबाट सरकारी वकिल गोकुल निरौलाका साथै अधिवक्ता हेमनारायण चौधरी, सुभाष यादव र पुण्य प्रसाद यादव तथा उपप्रमुख मिराको पक्षबाट अधिवक्ता भरत प्रसाद यादव, राम कुमार यादव, भानू निरौला, हरि प्रसाद यादव, सुरेश सिंह, फुल नारायण यादव लगायतले बहस गरेका थिए ।

डाक्नेश्वरी नगरपालिका ३ निवासी कृष्ण कुमार यादवले गत असार १७ गते मिरा विरुद्ध नेपाल र भारतका गरी दुई देशको नागरिकता लिएको भन्दै नागरिकता सम्बन्धि कसुर मुदा दर्ता गराएका थिए ।

प्रहरीले.उक्त मुदा दर्ता गर्न आलटाल गरे.पछी उनी अदालत पुगेका थिए । उच्च अदालत जनकपुर-राजविराज इजलाशले उक्त मुदा उपर सुनवाई गर्दै परमादेश जारी गरेको थियो । त्यस पछी प्रहरीले पक्राउ पुर्जी जारी गरेकाले उप प्रमुख मिरा शक्ती प्रर्दशन सहित जिल्ला प्रहरी कार्यालयमा उपस्थित भएकी थिइन । यस अघि अदालतबाट चार पटक म्याद थप गरी २३ दिन उनी थुनामा वसेकी थिइन । मिरा र उनका पति महेन्द्र भारतीय नागरीक भएको भन्दै सोही नगरपालिकाका कृष्णले प्रहरी र अदालतमा उनी विरुद्ध उजुरी पेश गरेका थिए ।

दुबै जनाले झुठो विवरण पेश गरी नेपाली नागरिकता लिएको उजुरीमा दावी गरिएको थियो । भारतको निर्वाचन नामावली २०२२ मा बिहार राज्यको क्रम संख्या ६३२ मा महेन्द्र र ६३३ मा मिराको नाम रहेको विवरण सुचीका साथै अनुमण्डलीय न्यायलय निर्मलीमा महेन्द्र र मिराले पेश गरेको शपथ पत्र तथा भारतीय निर्वाचन आयोगबाट लिएको पहिचान पत्र समेत उजुरी मार्फत पेश गरिएको थियो ।

# मोटर जडान गर्ने क्रममा करेन्ट लागेर दुई युवकको मृत्यु

**राजविराज**/खेतमा पानी पटाउनका लागि मोटर जडान गर्ने क्रममा सप्तरीमा दुई युवकको मृत्यु भएको छ ।

सप्तरीको अग्निसाईर कृष्णसावरण गाउँपालिका ४ बनौलि बुधबार करेन्ट लागेर स्थानिय २५ वर्षिय मुकेश कुमार यादवको मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार मुकेशलाई आफ्नै खेतमा पानि तान्ने मोटर चलाउने क्रममा करेन्ट लागेको थियो । करेन्ट लागेपछि उनलाई छिन्नमस्ता अस्पताल राजविराजमा उपचारका भर्ना गरिएकोमा सोही दिन उनको उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसअघि सोमबार जिल्लाको राजगढ गाँउपालिका वडा नं. ६ मा खेतमा पानी पटाउनका लागि मोटर जडान गर्ने क्रममा ३५ वर्षिय उमेश मण्डलको करेन्ट लागेर मृत्यु भएको थियो ।

# सप्तरीमा पुनः सामूहिक बलात्कारको अर्को घट्ना सार्वजनिक







**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिका १२ की एक १७ वर्षिया किशोरीको सामुहिक बलात्कार भएको घट्नाको ८ दिन नवित्दै सप्तरीमा पुन: सामूहिक बलात्कारको अर्को घट्ना सार्वजनिक भएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहका अनुसार घट्ना पीडित र आफन्तले गत आईतवार प्रहरीमा उजुरी दिएपछि मात्रै बाहिर आएको हो ।

पछिल्लो घट्नामा शम्भुनाथ नगरपालिका ५ वस्ने ३ सन्तानकी आमा ३५ वर्षिया महिला सामुहिक बलात्कारको शिकार बन्न पुगेकी छिन् । ती महिलालाई शनिवार राती सोही वडाका ५ जनाले बलात्कार गरेको प्रहरीले जनाएको छ ।

महिलालाई बलात्कार गर्ने मध्येका सोही वडाका २५ वर्षिय शिव कुमार सदा, ४० वर्षिय उमेश सदा र ३२ वर्षिय श्रीनारायण सदा आईतवार नै पक्राउ परिसकेको जानकारी दिएका छन् । यता फरार रहेका २५ वर्षिय फुल कुमार सदा र २३ वर्षिय शिव सदाको खोजी कार्य भइरहेको जनाए ।

उनीहरुलाई सोमवार सप्तरी जिल्ला अदालतबाट जवरजस्ती करणी सम्बन्धी कसुर मुदामा म्याद थप गराई अनुसन्धान थालिएको छ ।

वडाध्यक्ष जामुन प्रसाद चौधरीका अनुसार पिडीत महिला सोही दिन सिरहाको छारापट्टी स्थित माइतबाट घर फर्किदै थिईन । विरामी बोकेको एम्बुलेन्स चढी माईतबाट हिडेकी उनी राती ९:३० बजेतिर पुर्व पश्चिम राजमार्ग अन्तर्गत घर नजिकैको सडक खण्डमा ओर्लेकी थिइन । त्यहाबाट उनको घर ६ सय मिटरको दुरीमा पर्दछ । पैदलै घर तर्फ जाँदै गर्दा एकान्त स्थलमा देखेर अचानक ५ जनाको समुहले मुख थुनि नजिकै खाली अवस्थामा रहेको नर्सरीमा लगेर बलात्कार गरेको तथा कसैलाई भने ज्यान मार्ने धम्की समेत दिएको अनुसन्धानको क्रममा खुलेको प्रहरीको भनाई छ । पीडित महिलाको गजेन्द्र नारायण सिह अस्पताल राजविराजमा स्वास्थ्य परिक्षण गराइएको छ ।

यस अघि गत असार ३१ गते राती ९ बजेतिर आमा र बहिनी संगै वसिरहेकी कंचनरुप नगरपालिका १२ की १७ वर्षिया किशोरीको सामुहिक बलात्कार भएको थियो । आमा र बहिनीलाई कोठा मै थुनेर सोही वडाका ४ जनाले ती किशोरीलाई नजिकैको एक खाली घर मा लगी पालैपालो बलात्कार गरेका थिए । ती घट्नमा संलग्न चारै जना प्रहरी नियन्त्रणमा छन् ।


**डा. कालीप्रसाद यादव**

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*